***नोटः** निर्माण सम्पन्न भएपश्चात् आयोजनाको लागतलाई पूँजी करण (Capitalisation) गरी त्यसमा ह्रास कट्टी गर्ने र बैंकको व्याज समेतलाई खर्चमा लेखाङ्कन गरीने हुँदा निर्माण सम्पन्न भएको वर्षमा खुद आम्दानी र नेटवर्थ घट्न जाने देखिन्छ । साथै, Service Concession Arrangement (IFRIC-12) अनुसार निर्माणको चरणमा आम्दानी Recognisation गरेको हुँदा नेटवर्थ, प्रति शेयर आम्दानी (EPS) संचालन पुर्वका वर्षमा बढेको र संचालन को वर्ष पश्चात् तत्काल नेटवर्थ, प्रति शेयर आम्दानी (EPS) घटेको त्यस पश्चात् क्रमिक रुपमा बढेको हुनाले सो बाट कम्पनीको वित्तीय अवस्थामा फरक नपर्ने देखिन्छ ।*

**विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल** : (०.०९)%

**निष्काशन पूर्व प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल** : ७.१४% ।

**वित्तीय प्रक्षेपणका आधार तथा तरिकाः**

प्रक्षेपित वित्तीय विवरणहरु स्वीकृत लेखा सिद्धान्तको आधारमा तयार गरिएको छ । वित्तीय विवरणमा समावेश गरिएका आधारहरु भविष्यमा आउन सक्ने परिस्थितीहरुको व्यवस्थापनको अनुमानमा आधारीत छ । जुन परिस्थिती भविष्यमा आउन/नआउन सक्छ । वित्तीय प्रक्षेपण तयार गर्दा अपनाइएको महत्वपूर्ण धारण तथा तरिकाहरु निम्न प्रकार छन् ।

**वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :**

| विवरण | वृद्धि/(घटी) | | |
|---|---|---|---|
| आम्दानी | १०.६०% | ४.५६% | १.८०% |
| **खर्चहरुः** | | | |
| कर्मचारी सेवा सुविधा | ९.१४% | १.००% | १.००% |
| विमा खर्च | ४०.४८% | १.००% | १.००% |
| अन्य व्यवसायिक खर्च | -९.८८% | १.००% | १.००% |
| व्याज (दिर्घकालिन ऋण) | -२२.५०% | ७.५२% | -३.३२% |
| व्याज (अल्पकालिन ऋण) | २५.०२% | - | - |
| व्याज (चालु पूँजी ऋण) | -२४.६०% | (०.५५) | - |
| अन्य बैंक खर्च | ११३.८३% | -६५.६९% | -३.८७% |
| रोयल्टी (नेपाल सरकार) | ११.१०% | -११.३९% | १.८०% |
| परिसोधन | -०.२६% | - | - |
| ह्रासकट्टी | ३०.३५% | -१६०.७०% | -५१.४८% |
| प्रतिस्थापन मर्मत शुल्क | ०.००% | - | -१००.००% |
| खुद नाफा | ५९.५२% | ५९.८५% | १४.७१% |
| सम्पत्ति | -१.९३% | -३.९२% | -४.०६% |

**कारणहरुः**

(१) **विद्युत विक्री आम्दानी**: विद्युत बिक्रीबाट प्राप्त हुने आम्दानीमा अघिल्लो वर्ष को तुलनामा आर्थिक वर्ष २०८०-८१ मा १६८.१६% वृद्धि भएको छ । अघिल्लो वर्ष २०८१-८२ मा ६.५१% ले वृद्धि भएको छ । आर्थिक वर्ष २०७९-८० मा ५ महिना सञ्चालनमा रहेको, आर्थिक वर्ष २०८०-८१ र आर्थिक वर्ष २०८१-८२ वास्तविक उत्पादनमा र आर्थिक वर्ष २०८२-८३ को लागि पौष २०८२ सम्मको अवधिको लागि वास्तविक आधारमा (ऊर्जा उत्पादनमा वृद्धि) र बाँकी ६ महिनाको लागि मिटर ऊर्जा र पीपीए दर र वृद्धि दरमा आधारित आम्दानी अनुमान गरिएको छ । २०८३-८४ र २०८४-८५ (७ महिना) अवधिको लागि आम्दानी ३% ले वृद्धि भएको छ जुन पीपीए अनुसार ३% को वृद्धि दर लिइ प्रक्षेपण गरिएको छ ।

(२) **Late COD / Short Supply:** आर्थिक वर्ष २०८०/८१ को लागि, Late COD वास्तविक आधारमा बुक गरिएको छ । आर्थिक वर्ष २०८१/८२ देखि कुनै Late COD / Short Supply वापतको जरिवाना नहुने प्रक्षेपण गरिएको छ ।

(३) **सञ्चालन खर्च**: आर्थिक वर्ष २०७९/८०, २०८०/८१ र २०८१/८२ को लागि कर्मचारीको सेवा सुविधा, बीमा र अन्य सञ्चालन लागत जस्ता सञ्चालन खर्चहरू वास्तविक आधारमा बुक गरिएको र त्यसपछि आर्थिक वर्ष २०८६/८७ सम्म यस्ता खर्चहरू १% ले बढ्ने प्रक्षेपण गरिएको छ ।

(४) **बैंक ऋणको ब्याज**: आर्थिक वर्ष २०८०/८१ को तुलनामा २०८१/८२ मा बैंक ऋण (दीर्घकालीन/टर्म लोन) सम्बन्धी ब्याज खर्च २५.९३% ले घटेको छ र अल्पकालीन ऋणको ब्याज खर्च ५.८९% ले कमी आएको छ । यसका प्रमुख कारण ब्याजदरमा आएको कमी तथा दीर्घकालीन ऋणको बाँकी रकम घट्नु हो। आर्थिक वर्ष २०८२/८३ देखि दीर्घकालीन ऋणको बाँकी रकममा कमी आउनुका साथै बैंक ब्याजदर घट्दै जानुमा विशेष गरी ऋण साटासाट (swap) गरिएको नबिल बैंकको न्यून आधार दर (Low Base Rate) को प्रभावका कारण ब्याज खर्च घट्दो प्रवृत्तिमा रहने अपेक्षा गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा आईपीओ निष्कासन पश्चात् अल्पकालीन ऋण चुक्ता गरिने भएकाले यसले ब्याज खर्चलाई थप घटाउनेछ ।

(५) **चालु पूँजी कर्जाको ब्याज**: आर्थिक वर्ष २०८१/८२ मा ब्याजदर घटेकाले चालु पूँजी ऋणको ब्याज खर्च २३.६६% ले घटेको छ । आर्थिक वर्ष २०८२/८३ मा पनि ब्याजदरमा आएको कमी तथा ऋण साटासाट (swap) को प्रभावका कारण ब्याज खर्च २४.६०% ले घटेको छ । आर्थिक वर्ष २०८३/८४ पछि ब्याजदर तथा चालु पूँजी ऋणको बाँकी रकम स्थिर रहने अपेक्षा गरिएकोले चालु पुँजी ऋणको ब्याज खर्चमा कुनै परिवर्तन हुने छैन ।

(६) **सरकारलाई रोयल्टीः** सरकारलाई रोयल्टी प्रत्येक वर्षको विद्युत आम्दानीको २% र विद्युत क्षमताको लागि प्रति मेगावाट रु.१००,०००/- मा आधारित रही प्रक्षेपण गरिएको छ ।

(७) **परिशोधन (Amortization)**: इजाजतपत्र अवधिभरमा अमूर्त सम्पत्ति (Intangibles Assets) लाई समान रकममा भाग लगाइ प्रत्येक वर्ष सो रकम घटाइएकोले परिशोधन खर्च (Amortization Expenses) मा कुनै परिवर्तन नभएको प्रक्षेपण गरिएको छ ।

(८) **अन्य बैंक शुल्कहरूः** बैंक ऋणको सावाँ रकम घट्दो क्रममा रहेको हुनाले सो सम्बन्धित शुल्कहरु पनि घट्दै जाने प्रक्षेपण गरिएको छ ।

(९) **खुद नाफा/नोक्सानः** प्रत्येक वर्ष विद्युत बिक्री दर ३% को दरले वृद्धि भएको र उत्पादनमा वृद्धिको कारणले आम्दानीमा वृद्धि भएको साथै आईपीओ जारीबाट प्राप्त हुने रकमले कर्जा भुक्तानी गरेपछि, ब्याज खर्चमा कमी हुनाले वित्त लागत घट्दै जाने प्रक्षेपण गरिएको छ । सोही कारणहरुले खुद नाफामा वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

(१०) **सम्पत्तिहरूः** परिशोधन (Amortization)/मूल्य ह्रासकट्टीका कारण सम्पत्तिको मूल्य घट्दै जाने प्रक्षेपण गरिएको छ ।

## १४. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम** : यस कम्पनीद्वारा प्रवर्द्धन भएको आयोजनाको निर्माण सम्पन्न गरि मिति २०७९ माघ २७ गते देखि नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गरी आम्दानी गरिराखेकोले वित्तीय साधनको अभावबाट हुने जोखिम नरहेको ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम** : जलवायु परिवर्तन वा अन्य कारणले नदीको बहावमा परिवर्तन आउन सक्ने सम्भावना रहन्छ, जुन कम्पनीको नियन्त्रण बाहिरको विषय हो । तर, आयोजनाको निर्माण गर्दा लामो अवधिको हाईड्रोलोजीको डाटाको अध्ययन तथा विश्लेषणका आधारमा क्षमता निर्धारण गरिएको हुँदा तत्काल यस प्रकारको समस्या आउने सम्भावना न्यून रहेको छ ।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम** : हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको । नेपालमा विद्युतको माग बढी रहेको र छिमेकी मुलुकमा समेत विद्युत निर्यात गर्न सकिने प्रवल सम्भावना रहेको हुँदा बजारको स्थितिमा आउने परिवर्तनहरु थप सकारात्मक हुने देखिएको छ । विद्युत खरिद सम्झौताको प्रावधान अनुसार आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सुनिश्चिता गरेको छ ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम** : यस आयोजनाको निर्माण कार्य सम्पन्न भई मिति २०७९/१०/२७ गतेदेखि विद्युत उत्पादन समेत भईसकेकोले मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम नरहेको ।

(ङ) **विदेशी विनिमयको जोखिम** : विदेशी विनिमय दरमा वृद्धि भएमा संचालन खर्चमा पनि बृद्धि हुन सक्ने जोखिम रहेको ।

(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु** : कम्पनीद्धारा प्रवद्धित आयोजनालाई आवश्यक पर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम** : अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम** :
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने संचालन खर्चमा प्रतिकुल प्रभावबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।

(झ) **सञ्चालन इतिहासको अभाव** : कम्पनीका संस्थापकहरु जलविद्युत क्षेत्रमा लामो समय देखि कार्य गर्दै आएका अनुभवी संस्था तथा व्यक्तित्वहरु भएको हुनाले यस्तो जोखिम न्यून रहेको ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम** : जलविद्युत आयोजना प्रयोग भएका टर्वाइन, स्पेयर पार्ट्स, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएको खण्डमा मात्रै भविष्यमा केही प्रभाव पर्न सक्ने हुन्छ तर यस्तो प्रकारको जोखिम ज्यादै न्यून हुने र सहजै सम्बोधन गर्न सकिने हुन्छ ।

(ट) **पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम** : आयोजनाको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा रहेको हुँदा यस्तो जोखिम नरहेको ।

(ठ) **अन्य** :
- खडेरी, अनावृष्टि, अतिवृष्टि, जलस्रोतको मुहानमा अप्रत्याशित परिवर्तन, जलवायु परिवर्तनका कारण हुने अनपेक्षित वातावरण परिवर्तन आदिका कारण पानीको स्रोतमा कमी आएमा उत्पादन क्षमतामा कमी आउन सक्ने ।
- प्राकृतिक प्रकोप तथा नियन्त्रण बाहिरका परिस्थितिहरु सृजना भई आयोजनाको भौतिक संरचना तथा उपकरणहरुमा क्षति पुर्‍याएमा खर्च वृद्धि हुन सक्ने तथा व्यवसायिक आम्दानीमा कमी हुन सक्ने ।
- प्रशारण लाईनमा हुन सक्ने प्राविधिक वा यान्त्रिक गडबडीका कारण उत्पादित विद्युत आपूर्ति अवरुद्ध हुन सक्ने ।
- विद्युत केन्द्रमा जडित मेसिन तथा यान्त्रिक उपकरणहरुमा हुने खराबीका कारण विद्युत उत्पादन तथा आपूर्ति अवरुद्ध हुन सक्ने ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।**

नेपालमा उर्जा शक्तिको माग धेरै भए तापनि आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोतभन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । साथै उर्जा विभिन्न श्रोत जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत आदिबाट प्राप्त गर्न सकिन्छ । यसमध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा हानी कम गर्ने र यसको लागत अन्य उर्जाभन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्नका लागि आयोजनाको आवश्यक संरचनाको हकमा तपसिल बमोजिमको इन्स्योरेन्स कम्पनीबाट सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्न यस कम्पनीले गरेको बिमा सम्बन्धी विवरण निम्नानुसार रहेको छ ।

**तपसिलः**

| क्र.सं. | बीमा कम्पनीको नाम | बीमाको शीर्षक | बीमा गरिएको रकम (रु.) | बीमा बहन गर्ने जोखिम | बीमाको वैधता (Validity) |
|---|---|---|---|---|---|
| १ | युनाइटेड अजोड इन्स्योरेन्स कम्पनी लि. सुन्धारा, काठमाण्डौ । | सम्पत्ति बीमा (Property Insurance) | ३,७७,६०,००,०००/- | कालंगा हाईड्रो लिमिटेडको, भवन तथा कालंगा हाईड्रो लिमिटेडको, भवन तथा सम्पुर्ण संरचना, यन्त्र उपकरण, मेसिन, अन्य सम्पत्ति । (Kalanga Hydro Ltd's Plant, building and its complete Structure, Machine, equipment and other Assets) | ०५/०६/२०२५ देखि ०४/०६/२०२६ सम्म |
| २ | युनाइटेड अजोड इन्स्योरेन्स कम्पनी लि. सुन्धारा, काठमाण्डौ । | सम्पत्ति हानि/क्षति बीमा (Loss of Profit Insurance Policy) | ६३३,६७७,०००/- | सम्पत्ति हानि/क्षति Loss of Property | ०५/०६/२०२५ देखि ०४/०६/२०२६ सम्म |
| ३ | युनाइटेड अजोड इन्स्योरेन्स कम्पनी लि. सुन्धारा, काठमाण्डौ । | मेसिनरी ब्रेकडाउन बीमा (Machinery Insurance Policy) | २१,७२,११,००१.३६/- | कालंगा हाईड्रो लिमिटेडको आयोजनामा भएका सम्पूर्ण मेसिनरी (All of the machinery used in project area) | ०५/०६/२०२५ देखि ०४/०६/२०२६ सम्म |

**सामान्य सम्पत्ति बीमालेख को विवरणहरु यस प्रकार रहेको छ ।**

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | सिभिल निर्माण लागत | २९०,७२५,६७३,७०० |
| २ | मेटल कार्य लागत | २२,४९३,५६३,०७१ |
| ३ | प्लान्ट तथा मेसिनरी लागत | ४६,४७०,१११,१७५ |
| ४ | प्रसारण लाइन र स्विच आउट | १७,९१०,६५२,०५४ |
| | **जम्मा** | **३७७,६००,०००,०००** |

**नाफा–नोक्सान (सम्पत्ति) बीमालेख**

| महिना | कन्ट्याक इनर्जी | प्रती unit दर | आम्दानी |
|---|---|---|---|
| **२०८२** | | | |
| जेठ | ५,१४६,९४५ | ४.९४ | २५,४२५,९०८ |
| असार | ५,३३४,६६७ | ४.९४ | २६,३५३,२५५ |
| साउन | ६,९११,११६ | ४.९४ | ३४,१४०,९१३ |
| भदौ | ८,६३६,०२३ | ४.९४ | ४२,६६१,९५४ |
| असोज | ११,१८९,४७७ | ४.९४ | ५५,२७६,०१६ |
| कार्तिक | १०,८३९,८०६ | ४.९४ | ५३,५४८,६४२ |
| मंसिर | १०,८३९,८०६ | ४.९४ | ५३,५४८,६४२ |
| पौष | १०,८३९,८०६ | ८.६५ | ९३,७६४,३२२ |
| माघ | १०,४९०,१३५ | ८.६५ | ९०,७३९,६६८ |
| फागुन | ६,९५०,६६५ | ८.९१ | ६१,९३०,४२५ |
| चैत | ५,८३६,८१२ | ८.९१ | ५२,००५,९९५ |
| **२०८३** | | | |
| बैशाख | ४,९४७,५८४ | ५.०९ | २५,१८३,२०३ |
| जम्मा | ९७,९६२,८४२ | | ६३३,६७७,००० |

**मेसिनरी Break down बीमालेख**

| क्र .सं. | विवरण | |
|---|---|---|
| १ | Power Transformer | ३०,६१९,१४० |
| २ | MIV | १४,१३२,८१० |
| ३ | 132kV Switchyard Equipments | २७,९३८,१९० |
| ४ | Turbines | ५४,८९४,०५० |
| ५ | Generator | ६०,४०४,१७० |
| ६ | Electrical Auxiliaries | २९,२२४,८३० |
| | जम्मा | २१७,२१३,१९० |

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम** : प्रति शेयर अंकित मूल्य रु.१००/- दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

## १५. सकारात्मक पक्षहरु :

(१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष शतप्रतिशत आयकर छुट हुने तथा सो पश्चात् अर्को ५ वर्ष ५० प्रतिशत आयकर छुट रहेको ।
(२) यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।
(३) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
(४) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेकोले यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।
(५) संस्थापक शेयरधनीहरु जलविद्युत क्षेत्रमा अनुभवी कम्पनी तथा व्यक्तिहरु भएको ।

## १६. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया** : स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।
२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पुनः १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकि भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।
४. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरी गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।
५. शेयर बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डलाई जानकारी गराइनेछ ।
६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोली पल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ ।
७. आयोजना प्रभावित क्षेत्र, बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुलाई छुट्याइएको शेयर न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर सर्वसाधारण समुहमा थप गरी बाँडफाँड गरिनेछ । साथै, सर्वसाधारण समुहबाट समेत न्यून माग भएमा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर कम्पनी र प्रत्याभुतीकर्ता वीच भएको प्रत्याभूति सम्बन्धी सम्झौता बमोजिम प्रत्याभूतिकर्ताले खरिद गर्नेछ ।
८. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई सुरक्षित गरिएको शेयर मध्ये अति प्रभावित क्षेत्रका बासिन्दालाई छुट्याएको शेयर सोही क्षेत्रका आवेदकलाई तथा प्रभावित क्षेत्रका बासिन्दाहरुलाई छुट्याएको शेयर सोही क्षेत्रका आवेदकहरुलाई मात्र बाँडफाँड गरिनेछ । तर एक क्षेत्रबाट निष्काशन गरिएको शेयर भन्दा बढीको आवेदन प्राप्त भई अर्को क्षेत्रमा निष्काशन गरिए भन्दा कम शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएमा बढि माग भए बराबरको शेयर अर्को क्षेत्रमा थप गरि सञ्चालक समितिको निर्णय बमोजिम बाँडफाँड गर्न सकिनेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः** स्थानियवासीको हकमा दरखास्त फाराम भरि आवेदन दिनुहुने आवेदकलाई शेयर बिक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समय भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत तथा अस्वीकृत भएको व्यहोरा जनाईएको बाँडफाँड-पत्र र फिर्ता भुक्तानी रकम बुझाएको स्थानबाट नै फिर्ता भुक्तानी हुने व्यवस्था गरिनेछ । स्वीकृत विवरण-पत्र मार्फत जारी गरिएको शेयर संख्या भन्दा बढी संख्यामा शेयर खरिदको लागि आवेदन प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको धितोपत्र दर्ता तथा निष्काशन अनुमति सम्बन्धी नियम अनुरुप बाँडफाँड गरिने छ । यदि माग भन्दा कम शेयरको लागि आवेदन प्राप्त भएमा नियम अनुसार गरिनेछ । सर्वसाधारण समुहको हकमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्बा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंक तथा वित्तीय संस्थाहरुबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर बापतको रकम मात्र माग गरी बाँकि रकम सोही खातामा कानुन बमोजिम सहभागी बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईने छ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**
***आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा :*** संकलन केन्द्रमार्फत संकलित रकममध्ये बाँडफाँडमा नपरेको रकम फिर्ता भुक्तानीमा ढिलाई भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २९ (३) मा भएको व्यवस्था बमोजिम धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज वापतको रकम सहित फिर्ता भुक्तानी गरिनेछ । सि-आस्बा मार्फत आवेदन दिने आवेदकहरुको हकमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम हुने हुँदा यो व्यवस्था लागू हुने छैन ।
***वैदेशिक रोजगारीमा रहेका नेपाली तथा सर्वसाधारण शेयरधनीको हकमाः*** वैदेशिक रोजगारीमा रहेका नेपाली तथा सर्वसाधारणहरुबाट सि-आस्बा मार्फत आवेदन प्राप्त हुने हुँदा निजहरुको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम हुने हुँदा यो व्यवस्था लागू हुने छैन ।

(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी** : निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा रहेको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् "धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरणः** निष्काशन गर्ने साधारण शेयर हाल सूचिकरण भैसकेको छैन ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** : स्वीकृत विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई कारोवार हुने व्यवस्था मिलाइने छ । साथै, सूचिकरण पश्चात् आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा निष्काशनकर्ता कम्पनीका कर्मचारीहरुका लागि छुट्याई निष्काशन गरिएको साधारण शेयर तोकिएको समयावधिसम्म खरिद बिक्री गर्न नमिल्ने गरी हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

## १७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

***आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा :***

*आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही जारी पूँजीको १०% अर्थात रु.१४,००,००,०००/- (अक्षरेपी चौध करोड रुपैंया मात्र) रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००/- दरको १४,००,००० कित्ता शेयर मध्ये आयोजना अति प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्ला अन्तर्गतका केदारस्यूँ गा.पा.को वडा नं. ४ र ५ (साविकको बाँझ -०३ समेत), बित्थडचिर गा.पा. वडा नं. ६ र ८ (साविकको सुनकुँडा गा.वि.स. वडा नं. ३ र ५ समेत), बुंगल न.पा. को वडा नं. ३, ४, ६, ८ र ५ (साविकको खिरातडी गा.वि.स. वडा नं. ९ समेत), वैतडी जिल्लाको डिलासैनी गा.पा को वडा नं. १ र २ तथा दार्चुला जिल्लाको शैल्यशिखर न.पा.को वडा नं. १ का बासिन्दाहरुलाई ६५% अर्थात ९,१०,००० कित्ता शेयर र सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्लाका केदारस्यूँ गाउँपालिका, वित्थडचिर गाउँपालिका र बुंगल नगरपालिका का अतिप्रभावित क्षेत्रमा नपरेका सम्पूर्ण वडाहरु, बैतडी जिल्लाको डिलासैनी गाँउपालिकाको अति प्रभावित क्षेत्रमा नपरेका सम्पूर्ण वडाहरु, दार्चुला जिल्लाको शैल्यशिखर नगरपालिकाको अतिप्रभावित क्षेत्रमा नपरेका सम्पूर्ण वडाहरुका आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुलाई ३५% अर्थात ४,९०,००० कित्ता शेयर) स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरमा निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा खरिद गर्न आवेदन दिन सक्नेछन् । आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई सुरक्षित गरिएको शेयर मध्ये अति प्रभावित क्षेत्रका बासिन्दालाई छुट्याएको शेयर सोही क्षेत्रका आवेदकलाई तथा प्रभावित क्षेत्रका बासिन्दाहरुलाई छुट्याएको शेयर सोही क्षेत्रका आवेदकहरुलाई मात्र बाँडफाँड गरिनेछ । तर एक क्षेत्रबाट निष्काशन गरिएको शेयर भन्दा बढीको आवेदन प्राप्त भई अर्को क्षेत्रमा निष्काशन गरिए भन्दा कम शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएमा बढि माग भए बराबरको शेयर अर्को क्षेत्रमा थप गरि सञ्चालक समितिको निर्णय बमोजिम बाँडफाँड गर्न सकिनेछ ।*

१. आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रको बासिन्दा प्रमाणित गर्ने नागरिकता वा स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।
२. १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ ।
३. १६ वर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।
४. विवाह भै आएका महिलाका हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ ।
५. बसाईं सराई गरी आएको हकमा सार्वजनिक निष्काशन हुने मिति भन्दा अगावै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ ।
६. माथि उल्लेखित हुन छुटेका विवरण प्रक्रियामा विवाद आएमा सम्बन्धित स्थानीय निकायको निर्णय सहितको सिफारिस पत्र ।
७. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।
८. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ ।
९. आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।
१०. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा सम्पूर्ण आवेदनलाई रद्द गरिनेछ ।
११. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त फारम बुझाउनु पर्नेछ । यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा बुझाएको दरखास्त फारामलाई रद्द गरिनेछ ।
१२. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।
१३. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
१४. रु.५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।
१५. रु.५ लाखसम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।
१६. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ ।
१७. शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।
१८. **आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" तथा ASBA सेवा लागू हुने छैन ।**

***नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको हकमा :***

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले स्वीकृत विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।
२. स्वीकृत विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने विदेशमा वसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।
३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।
४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।
५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले स्थानियवासी तथा सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् साथै अन्य शर्त तथा व्यवस्थाहरु सर्वसाधारण समुहले पुरा गर्नुपर्ने व्यवस्था अनुसार हुनेछ ।

## १८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरणः

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, ल.म.न.पा.-३, धोबिघाट, ललितपुर वा धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक सानिमा क्यापिटल लिमिटेड सम मार्ग, नक्साल, काठमाण्डौमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरका लागि सर्वसाधारणहरुले दरखास्त दिंदा न्युनतम १० कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम २०,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिने छ ।

## १९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

***निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :*** सर्वसाधारण समुह "ख" अन्तर्गत छुट्याइएको यस कम्पनीको जारी पूँजी मध्येको ३५ प्रतिशत शेयर प्रारम्भिक सार्वजनिक निष्काशन (Initial Public Offerig - IPO) मार्फत बिक्री तथा बाँडफाँड गरी प्राप्त हुने रकमलाई कम्पनीको हाल सञ्चालनमा रहेको १५.३३ मे.वा.जडित क्षमताको कालंगागाड जलविद्युत आयोजनाको आवश्यक मर्मत सम्भार, सुधार तथा सञ्चालन प्रयोजनका लागि लिइएको बैंक कर्जा रकमको साँवा रकम चुक्ता भुक्तानीमा खर्च गर्ने वित्तीय योजना तथा रणनीति रहेको छ । जुन निम्नानुसार रहेको छ ।

**IPO मार्फत प्राप्त हुने रकमको उपयोग तालिका**

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | बैंकबाट लिईएको ऋण भुक्तानी (IPO Loan) | ३७२,४६७,०००/- |
| २ | बैंकबाट लिईएको अल्पकालिन ऋण भुक्तानी | ७२,०००,०००/- |
| ३ | आवधिक ऋण | ४५,५३३,०००/- |
| | जम्मा | ४९०,०००,०००/- |

## २०. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु :

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल-१, काठमाण्डौ र वेवसाइटः www.sanima.capital |
| २. | कालंगा हाइड्रो लिमिटेडको कार्यालय, ल.म.न.पा.-३, धोबिघाट, ललितपुर, तथा आयोजनास्थल र वेवसाइटः www.kalangahydro.com.np |
| ३. | श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर र वेवसाइटः www.sebon.gov.np |

**आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फारम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ ।**

| क्र.सं | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने संकलन केन्द्रको नाम र ठेगाना |
|---|---|
| १. | कालंगा हाइड्रो लिमिटेड, सुनकुँडा, खिरातडी र बाँझ गाँउपालिका, बझाङ । (आयोजनास्थल कार्यालय) । |
| २. | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, केदारस्यू-१, बझाङ्ग |
| ३. | ग्लोबल आईएमइ बैंक लिमिटेड, जयपृथ्वी नगरपालिका-१०, बझाङ्ग, गोकुलेश्वर, शैल्यशिखर-९, दार्चुला । |
| ४. | कुमारी बैंक लिमिटेड, छबिसपाथिभरा गाउँपालिका, बझाङ्ग । डिलासिनी गाउँपालिका, बैतडि । |
| ५. | कृषि विकास बैंक लिमिटेड, बुँगल नगरपालिका-४, बझाङ्ग |
| ६. | सानिमा क्यापिटल लिमिटेड, सममार्ग, नक्साल, काठमाण्डौ । |

भविष्यमा आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डलाई जानकारी गराएर अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमाः**

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधार लगानीकर्ताहरुका लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंकतथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि(आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।**

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु.२/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ ।

## २१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| क्र.सं. | निष्काशन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | श्री सानिमा बैंक लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । | Sanima Capital Ltd (Kalanga IPO) | ९०९०१००१००००४५९ |

साथै, आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रियस्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

## २२. धितोपत्र बिक्री खुल्ला अबधि :

स्वीकृत विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्र (अति प्रभावित र प्रभावित) का स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई एक साथ आवेदन खुल्ला गरिनेछ जसमध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढीमा ३० दिनसम्म हुनेछ भने वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ कार्यदिन र बढीमा १५ दिनसम्म हुनेछ ।

## २३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्रीमती रश्मी रिजाललाई फोन नं.: ०१-४५४०५०८ तथा Email Address: sanimacapital@sanimacapital.com मार्फत सम्पर्क गरी प्रेषित गर्न सक्नेछन् ।

**दरखास्त फारामको नमूना**

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यो शेयर सर्वसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले ३ (तीन) वर्षसम्म बिक्री गर्न पाइने छैन ।

दरखास्त फाराममा निवेदकको आफ्नै खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, शाखा र खाता नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

**कालंगा हाइड्रो लिमिटेड**
**Kalanga Hydro Limited**

रजिष्टर्ड कार्यालय : ल.म.न.पा.-३, धोबिघाट, ललितपुर, नेपाल, फोन नं.०१-५५२००२७ र ५५२४३३५
इमेलः hydrokalanga@gmail.com वेवसाइटः www.kalangahydro.com.np

**साधारण शेयर खरीद दरखास्त फाराम**

मार्फतः **SanimaCapital** (A wholly owned subsidiary of Sanima Bank Ltd.)
केन्द्रीय कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimacapital.com Website: www.sanima.capital

प्रति दरखास्त फाराम रु.२/-

आवेदकको हालसालै खिचिएको **फोटो** (अनिवार्य)

कोड नं. 

सि.नं.

श्री संचालक समिति,
**कालंगा हाइड्रो लिमिटेड**
धोवीघाट, ललितपुर, नेपाल ।

दरखास्त दिन पाउने न्यूनतम शेयर संख्या : १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : २०,००० कित्ता

हितग्राही खाता नं. DP ID / Client ID

महाशय,
त्यस कम्पनीको मिति २०८२/११/२६ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण-पत्रको शर्तहरुको अधिनमा रही रु.१००/- अङ्कित दरको शेयर कित्ता........ खरीद गर्न इच्छुक भएकोले प्रति साधारण शेयर रु.१००/- को दरले रु. ........ (अक्षरेपी ........) यसै साथ संलग्न गरी पठाएको/बुझाएको छु/छौं । त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

| | | | |
|---|---|---|---|
| माग गरेको संख्या | शेयर बापत जम्मा गरेको रकम | मिति | |
| रकम बुझाएको कम्पनीको नाम र ठेगाना | | भौचर/ड्राफ्ट नं. | |
| चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना | | चेक नं. | |
| खाता रहेको बैंक/वित्तीय संस्थाको नाम | | | |
| खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा | | खाता नं. | |

**Sources of Fund (For Rs. 0.5 million and above as per Directive issued by SEBON)**
आयको स्रोत (रु. पाँच लाख र सो भन्दा बढीको लागि बोर्डबाट जारी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६ अनुसार) वैधानिक रहेको स्वःघोषणा गर्दछु ।
व्यापार (Business) / सम्पत्ति बिक्री (Sale of Assets) / कर्जा (Loan) / अन्य उल्लेख गर्नुहोस (Other, Please Specify)

| | | |
|---|---|---|
| निवेदकको पूरा नाम | नेपालीमा | श्री/श्रीमती/सुश्री/नाबालक |
| | In English | Mr./Mrs./Miss/Minor (USE CAPITAL LETTER) |
| स्थायी ठेगाना / Permanent Address | वडा नं. / Ward No. | घर नं. / House No. · गाउंपालिका/न.पा. / R. M./M. · जिल्ला / District |
| सम्पर्क ठेगाना | | |
| P.O. Box No. | P.O. Box District | नागरिकता प्रमाण-पत्र नं. |
| PAN | Contact No. | नागरिकता जारी गरेको स्थान |
| बाबुको नाम / Father's Name | | |
| बाजेको नाम / Grandfather's Name | | |
| पति/पत्नीको नाम | | |
| संरक्षकको नाम (नाबालकको हकमा) / Guardian's Name (Incase of minor) | | |

यस शेयरका लागि लगानी गरेको रकम सम्पति सुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन गरेको होइन । साथै मैले यसैसाथ स्वयंले प्रमाणित गरेको नागरिकता/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र आयोजना प्रभावित क्षेत्रको बासिन्दा प्रमाणित हुने अन्य आवश्यक कागजातहरु र यस दरखास्त फाराममा खुलाएको विवरण साँचो हो । म यस कम्पनीको संस्थापक/संचालक तथा निजको एकाघरको परिवार नरहेको स्वः घोषणा गर्दछु । झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ । मैले यस कम्पनीको निष्काशन गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो ।

नोटः रु. ५ लाख वा सो भन्दा माथिको आवेदन दिंदा आयश्रोतको विवरण अनिवार्य रुपमा आवेदन साथ पेश गर्नु पर्नेछ ।

**पुनश्चः** आवेदन फाराम भर्नु अघि यस आवेदन फारामको पछाडि पट्टि रहेको बुँदा नं. १७ (आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु) अध्ययन गर्नुहुन अनुरोध छ ।

निवेदकको दस्तखत (नाबालकको हकमा अभिभावकको दस्तखत)

**यो रसिद हराई अर्कले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।**

मार्फत **SanimaCapital** (A wholly owned subsidiary of Sanima Bank Ltd.)

**रसिद**
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

| | | | |
|---|---|---|---|
| Applicant's Name | | | |
| Company's Name | Kalanga Hydro Limited | | |
| No. of Shares Applied | Call Money per Share | Rs.100 | Amount Deposited (Rs.) |
| Amount in Words | | | |

निवेदकको दस्तखत (नाबालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:
Received by:
Date:
Stamp
Code No.
हितग्राही खाता नं. DP ID / Client ID
चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**SanimaCapital**
(A wholly owned subsidiary of Sanima Bank Ltd.)

रजिष्टर्ड कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimacapital.com, Website: www.sanima.capital